ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हाटीफर्साटिकर, रुपन्देही
५नं.प्रदेश

*सिलबन्दी दरभाउपत्र आव्हानको सूचना*

प्रथम पटक प्रकाशित मिति :२०७६/११/२२

यस ओमसतिया गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७६/७७ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत **वार्षिक** कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*शर्तहरु :*

१. सम्बन्धित कागजातहरु संलग्न **राखी यस**ओमसतिया गाउँपालिकाको कार्यालय, रुपन्देहीबाट प्रथम पटक सूचना प्रकाशित भएको **मितिले** दरभाउ पत्रको हकमा १५ औं दिनसम्म **यस कार्यालयको** ऐन एम बि बैंक लिमिटेड, स्थित रहेको खाता नं.०४०००५७७६४५०००१७ **मा** जम्मा गरेको भौचर **सहित** दरभाउपत्र **संम्बधि प्रकाशित सूचनामा** तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई **कार्यालय समय** भित्र खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउपत्र खरीद गर्दा आ.व.०७६/७७ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. खरीद गरिएका दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिलेदरभाउ पत्रको हकमा १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. सिलबन्दी दरभाउ पत्रको प्रत्येक आइटमको दर भ्याट बाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ ।सिलबन्दी दरभाउ पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।
७. सिलबन्दी दरभाउ पत्रसाथ जमानत वापतको तल उल्लेखित रकम ओमसतिया गाउँपालिकाको कार्यालय ओमसतियाएन एम बि बैंक लिमिटेड ठुटिपिपल शाखामा रहेको धरौटी खातामा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा दरको हकमा ७५ म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (***Bid Bond***) संलग्न हुनुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ ।
८. कुनै पनि सिलबन्दी दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र सिलबन्दी दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।
९. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१२. सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स बन्ड (***Performance Bond)*** पेश गरी सम्झौता गर्नुपर्नेछ ।
१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१४. सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

*सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण:*

| क. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.( भ्याट बाहेक) | धरौटी रकम ( रु.) | सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर ( रु.) |
|---|---|---|---|---|---|---|
| १. | १५/०७६/७७/ ORM/NCB | दरभाउपत्र | सिचाई व्यवस्थापन | ८,८४,४९४।०८ | २७,०००।०० | १,०००/०० |
| २ | १६/०७६/७७/ ORM/NCB | दरभाउपत्र | हेण्ड पाईप जडान गर्ने कार्य | ८,८३,२८०।४९ | २७,०००।०० | १,०००/०० |

प्रमुख प्रशासकीय अधिकृत